वितरणपूर्व परीक्षण

**यातनापीडितहरूको सहयोगार्थ अन्तर्राष्ट्रिय दिवस (जुन २६)**
**को स्मरणमा आयोजित**
**विज्ञसमूह छलफलमा प्रस्तुत**
संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तकी
नेपालस्थित उपप्रतिनिधि
ज्योति साङ्घेराको स्वागत मन्तव्य

**उच्चायुक्तको कार्यालय-नेपाल, काठमाडौं, २०६५ असार १९**

आज यहाँ आउनुभएकोमा तपाईंहरूलाई धन्यवाद छ। तपाईंहरूलाई थाहै होला यो कार्यक्रम वास्तवमा असार १२ गते (जुन २६) का लागि तय गरिएको थियो तर बन्दका कारण रद्द गरियो। तपाईंहरूलाई यो पनि थाहै होला जुन २६ तारिख यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्ध संयुक्त राष्ट्रसङ्घीय महासन्धि कार्यान्वयनमा आएको २१औं वार्षिकोत्सव हो। यातनापीडितको सहयोगार्थ संयुक्त राष्ट्रसङ्घीय अन्तर्राष्ट्रिय दिवसका रूपमा स्मरण गरिएको यो दिन यातना अझै पनि व्यापक छ भन्नेबारे जनचेतना जगाउने, यसको सन्त्रासबाट बाँचेकाहरूको दुर्दशामाथि केन्द्रित हुने तथा न्यायिक उपचार र परिपूरणसम्बन्धी उनीहरूको अधिकारमाथि जोड दिने अवसर हो। यस दिनमा यातनालाई फौजदारी कसुर बनाउनुपर्ने राज्यको दायित्वबारे सरकारलाई स्मरण गराउनु, यातनाको घटनामा अनुसन्धान तथा अभियोजन गर्न प्रोत्साहन गर्नु तथा यसको प्रयोग अन्त्य गर्नका लागि हाम्रो अभियानलाई जारी राख्नु पनि उपयुक्त हुन्छ।

आजको विज्ञसमूह छलफलको आयोजना गर्न मद्दत गरेकोमा म इन्टरनेसनल कमिसन अफ जुरिस्ट्स र एड्भोकेसी फोरमलाई धन्यवाद दिन चाहन्छु। यो महत्त्वपूर्ण पहलमा यी सङ्गठनहरूसँग साझेदार हुन पाउने अवसरको उच्चायुक्तको कार्यालय-नेपाल अत्यन्त प्रशंसा गर्दछ। म विज्ञसमूहका सबैलाई उदारतापूर्वक आफ्नो समय दिनुभएकोमा धन्यवाद पनि दिन चाहन्छु।

यातना तथा अन्य प्रकारका क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय सर्वाधिक गम्भीर मानवअधिकार उल्लङ्घनमा पर्दछन्। मानवीय मर्यादा मानवअधिकारको केन्द्रमा हुन्छ र यातनाभन्दा ठूलो मानव मर्यादाप्रतिको अपमान अरू कुनै हुँदैन। द्वन्द्वरत पक्षहरूद्वारा नियोजितरूपमा अभद्र व्यवहार तथा यातनाका कार्यहरू भएका थिए भन्ने हामी सबैलाई थाहा छ तर द्वन्द्वको अन्त्य भइसकेकाले अभद्र व्यवहार तथा यातना नेपालमा अहिले छैन भनेर सोच्नु हाम्रा लागि गलत हुनेछ। देशका धेरै भागहरूमा, थुनास्थलहरूमा मानवअधिकारका यस्ता उल्लङ्घन जारी छन्। गैरराज्य पक्षहरूद्वारा प्रायः समानान्तर 'कानुन पालना गराउने' गतिविधिका नाममा पनि अभद्र व्यवहार र यातनाका कार्य गरिएका छन्। यसरी अभद्र व्यवहार र यातनाको अन्त्य गर्ने कुरा पहिलेजत्तिकै अहिले पनि महत्त्वपूर्ण रहेको छ।

यातनालाई सम्बोधन गर्ने उच्चायुक्तको कार्यालय-नेपालका आफ्नै कार्यहरूमा नियोजितरूपमा गरिएका अभद्र व्यवहार तथा यातनाको अनुगमन तथा अभिलेखन र प्रहरी हिरासतहरूको अनुगमन गर्न प्रहरी केन्द्रहरूको नियमित भ्रमण पर्दछन्। सन् २००७ मा, उच्चायुक्तको कार्यालय-नेपालले प्रहरी हिरासतमा भएको भनिएका अभद्र व्यवहार तथा यातनाका २५० भन्दा बढी घटनाको अभिलेखन गर्‍यो र सन् २००८ को पहिलो त्रैमासिकमा यस कार्यालयले त्यस्ता ६४ वटा घटनाको अभिलेखन गर्‍यो।

राष्ट्रिय मानवअधिकार आयोग (आयोग)ले आफ्नो आधिकारिक हैसियतले पीडितहरूबाट विविध मानवअधिकार उल्लङ्घन वा दुर्व्यवहारसम्बन्धी उजुरीहरू प्राप्त गर्छ। संवैधानिक निकायका रूपमा, आयोगलाई आफ्नो व्यावसायिक स्वविवेकअनुसार आफ्नै पहलमा काम गर्ने अधिकार पनि छ। सन् २००६ मार्चदेखि सन् २००७ मार्चसम्ममा आयोगले राज्य, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) (नेकपा (माओवादी)) तथा अन्यद्वारा गरिएको यातना/अभद्र व्यवहारसम्बन्धी २७२ वटा उजुरीहरू प्राप्त गर्‍यो। तर यातनासम्बन्धी घटनाहरूमा आयोगका सिफारिसहरूको कार्यान्वयन मुख्य चुनौती रहिरहेको छ।

आयोगमार्फत् न्यायिक उपचार खोज्नेदेखिबाहेक यातनापीडितहरूले यातना क्षतिपूर्ति ऐनअन्तर्गत सहायता खोज्ने अवसर पनि पाउँछन्; तर सो ऐन अप्रभावकारी साबित भएको छ भन्ने कुरामा आम सहमति पाइन्छ। शब्दलाई हेर्दा सो ऐन अन्य प्रकारका परिपूरण - प्रत्यवस्थापन, पुनर्स्थापन, सन्तुष्टि तथा पुनरावृत्ति नहुने कुराको प्रत्याभूतिजस्ता कुरा - लाई पन्छाएर आर्थिक क्षतिपूर्तिमा मात्र केन्द्रित छ, यद्यपि व्यवहारमा भने यो कुरा पीडितलाई रकम दिने कुरामा विरलै परिणत भएको छ। यातनापीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने कुरामा सरकार अनिच्छुक रहेको छ किनकि त्यसो गरेर उसले त्यस्तो कार्यलाई स्वीकार गरेको हुन्छ। त्यसबाहेक, सरकारले थप खतराको सामना गर्नुपर्ने हुन सक्ने यातनापीडित वा साक्षीलाई कुनै संरक्षण दिँदैन। परिणामस्वरूप यातनाका पीडकहरूले दण्डहीनताबाट लाभ प्राप्त गर्छन् र पीडितहरूलाई नियमितरूपमा न्याय अस्वीकार गरिन्छ।

यातना वा अभद्र व्यवहार गर्ने कार्यमा अभियोजन पनि विरलै गरिएको छ। यातनाविरुद्धको महासन्धिअन्तर्गत यातनालाई फौजदारी कसुर बनाउने नेपालको दायित्व र यातना तथा अभद्र व्यवहार कानुनद्वारा दण्डनीय हुनेछ भन्ने अन्तरिम संविधानको आवश्यकताका बाबजुद ती कुनै पनि कार्यलाई प्रभावकारी ढङ्गले अपराधकरण गरिएको छैन। त्यस्तो आचरण गर्ने पीडकलाई अभियोजन गर्ने कुरामा यो अत्यन्त गम्भीर अड्चन भएको छ।

सरकारले आफूले यातनासम्बन्धी ऐनको मस्यौदा तयार गरिरहेको जनाएको छ तर कुनै पनि मस्यौदा सार्वजनिक गरिएको छैन। उच्चायुक्तको कार्यालय-नेपाल उक्त ऐनलाई अन्तिम रूप दिनुअघि सार्वजनिक परीक्षणका निम्ति मस्यौदा उपलब्ध गराउन तथा आफ्नो कार्यालय र अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूको विशेषज्ञताबाट लाभ उठाउन सरकारलाई पुनः प्रोत्साहन गर्दछ।

त्यसबाहेक, कुनै पनि त्यस्तो कानुनले यातनाविरुद्धको महासन्धिअन्तर्गत नेपालका दायित्वहरूलाई पूर्णरूपमा कार्यान्वयन गर्नुपर्दछ। अन्तर्राष्ट्रिय मापदण्डअनुरूप, कानुनले यातनाको अभियोजन नागरिक अदालतबाट गर्न सकियोस् र यातनाका लागि जिम्मेवार नेपाली सेनाका अधिकारीहरूको पुर्पक्ष विशेष सैनिक अदालतद्वारा गरिनुपर्ने व्यवस्था रहेको सन् २०६३ को सैनिक ऐनमा संशोधन होस् भन्ने कुरा विशेषरूपमा सुनिश्चित गर्नुपर्दछ।

त्यस्तो कानुन नबनेसम्म, विद्यमान फौजदारी कानुनलाई कम्तीमा यातना तथा अभद्र व्यवहार मानिने केही आचरणहरूको अभियोजन गर्नमा प्रयोग गर्नुपर्दछ। उपयुक्त भएसम्म, आक्रमण तथा मारपिट, अङ्गभङ्ग गर्ने कार्य, बलात्कार तथा हत्या प्रयासका लागि फौजदारी अनुसन्धान र अभियोजन गरिनुपर्दछ।

अभद्र व्यवहार तथा यातनालाई रोक्न तथा नेपालमा अझै विद्यमान दण्डहीनताको संस्कृतिलाई भत्काउन उपयुक्त उपायहरू अवलम्बन गरिने कुरा सुनिश्चित गर्न संयुक्त कार्य तथा राजनीतिक दृढता आवश्यक पर्दछ। आयोगका यातनासम्बन्धी सिफारिसहरू कार्यान्वयन गरिनुपर्दछ। यातना क्षतिपूर्ति ऐन जस्ता विद्यमान संयन्त्रहरूको सुधार गरिनुपर्दछ तथा तिनलाई प्रभावकारी ढङ्गबाट कार्य गराउनुपर्दछ। यातनाविरुद्धको महासन्धिमा भएका प्रावधानलाई राष्ट्रिय कानुनमा समावेश गर्ने, महासन्धिको ऐच्छिक सन्धिपत्रको अनुमोदन गर्ने, राष्ट्रिय फौजदारी कानुनमा यातनालाई एक अपराधका रूपमा परिभाषा गर्ने तथा जिम्मेवार व्यक्तिहरूको अभियोजन गर्नेलगायतका थप महत्त्वपूर्ण कदमहरू पनि चाल्नुपर्दछ। यी प्रत्येक प्रयासहरू द्वन्द्वबाट शान्तितर्फको देशको संक्रमणमा महत्त्वपूर्ण कदम हुनेछन्। यस सम्बन्धमा, नेपालमा यातना अन्त्य गर्न मद्दत गर्न चालिएका सबै पहलहरूमा साथ दिन उच्चायुक्तको कार्यालय तयार छ।

धन्यवाद !